## प्रस्तावहरुः-

२०७६।०७७-०११।०१ गाउँपालिकामा तेश्रो अध्यक्षकप भलिवल प्रतियोगिता सम्बन्धमा।

२०७६।०७७-०११।०२ नदिजन्य पदार्थ उत्खन्न सम्बन्धमा।

२०७६।०७७-०११।०३ अपाङ्गता परिचयपत्र प्रतिवेदन सम्बन्धमा।

## निर्णयहरुः-

### निर्णय नं २०७६।०७७-०११।०१

प्रस्ताव नं २०७६।०७७-०११।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा खेलकुद तर्फ आव २०७६।०७७ को लागि विनियोजित बजेटबाट मिति २०७६ फाल्गुण गतेदेखी सञ्चालन भएको अध्यक्ष कप २०७६ सञ्चालन गर्नुपूर्व प्रस्ताव पेश नगरेको देखीएकोले कार्यपालिकाको निर्णय नं २०७५।०७६-००७।०८ को निर्णयअनुसार कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्दा घिरिङ गाउँपालिकाबाट स्विकृत खर्चको मापदण्ड २०७६ को परिधिमा रहेर कार्यक्रम सञ्चालन गर्ने गरी युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम (मार्सल आर्ट सहित) विनियोजित रु १० लाख मध्येबाट रु ७ लाखको मात्र प्रस्ताव स्विकृत गरी सामाजिक विकास शाखा सँगको समन्वयमा रहेर कार्यक्रमको सम्पुर्ण खर्च भुक्तानीका लागी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं २०७६।०७७-०११।०२** प्रस्ताव नं २०७६।०७७-०११।०२ को प्रस्तावमाथी छलफल गर्दा गाउँसभाको निर्णय नं २०७६।०७७-०२।०६ को अधिनमा रहेर मिति २०७५ फाल्गुण ०५ गते प्रकाशित सूचना अनुसार तोकीएको मापदण्ड पालना गर्ने गरी सम्पुर्ण रुपमा कार्यपालिका उत्तरदायी रहने गरी देहायबमोजिमका व्यक्तिहरुलाइ जिम्मेवारी प्रदान गर्ने निर्णय गरियोः

अ) बालुवाटार घाट घिरिङ ४ मा शुक बहादुर राना नागरिकता नं ४३१००९।१७२ तनहुँ लाइ जिम्मेवारी दिने।

आ) बालिघाट घिरिङ ४ मा भिम बहादुर कुमाल नागरिकता नं ६८५०१ तनहुँ बालकृष्ण ढकाल नागरिकता नं ४३३०४६।७९२ तनहुँ र दुर्गादेवी नेपाली नागरिकता नं ४३३०४६।५२३ तनहुँ लाइ जिम्मेवारी दिने ।

इ) तिम्सेना घाट घिरिङ १ मा विमला पोख्रेल नागरिकता नं ६९७१८ तनहुँ लाइ जिम्मेवारी दिने।

ई) फूलवारी मालेबगर घाट घिरिङ १ मा टिकानिधि अधिकारी नागरिकता नं ४३१०४६।९८१४९ तनहुँ र धन बहादुर राना नागरिकता नं ६९२२२ तनहुलाइ जिम्मेवारी दिने।

उ) खुम्लिनटार घाट कालिगण्डकी नदि वाँया किनारमा तेज बहादुर कुमाल नागरिकता नं ४३३०४६।७९८ तनहुँ लाइ जिम्मेवारी दिने।

### निर्णय नं २०७६।०७७-०११।०३

प्रस्ताव नं २०७६।०७७-०११।०३ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ पारित भएपश्चात मिति २०७६ फाल्गुण २० गतेसम्म कार्यालयबाट वितरण भएको अपाङ्ग परिचयपत्र क बर्गको ५४ वटा, ख बर्गको ९८ वटा, ग बर्गको ४३ वटा, घ बर्गको ८ वटा, गरी कुल २०३ थान परिचयपत्र वितरण भएको सम्पुर्ण कागजात सहितको प्रतिवेदन उपर छलफल गरि २०७६ फाल्गुण २० गतेसम्म वितरण भएको अपाङ्ग परिचयपत्र अनुमोदन गरियो।